लेखापरीक्षण प्रतिवेदन

धुर्कोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

धुर्कोट गाउँपालिका, गुल्मी

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/250

श्रीमान् अध्यक्ष ज्यू,
धुर्कोट गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, गुल्मी।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/250

श्री अध्यक्षज्यू,
धुर्कोट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
गुल्मी।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१ महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको बमोजिमको ढाँचामा वित्तीय विवरण तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२ गाउँपालिकाको रु.१ अर्ब ३८ करोड ६७ लाख ५१ हजार लेखापरीक्षण गरिएकोमा रु.४२ लाख ६७ हजार (०.३१ प्रतिशत) बेरुजु देखिएको छ। सो सम्बन्धमा रु.४२ लाख ६७ हजार प्रतिकृयाबाट फछ्यौंट भई यस वर्षको बेरुजु शून्य रहेको छ। गत वर्षसम्मको रु.६ करोड ८४ लाख ८५ हजार बेरुजु मध्ये यस वर्ष रु.३ करोड २१ लाख ८३ हजारको सम्परीक्षण भई बाँकि बेरुजु रु.३ करोड ६३ लाख २ हजार हालसम्मको अद्यावधिक बेरुजु रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३ गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ति तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन। लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम

गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने धुर्कोट गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

३. अन्य बेहोरा

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, गाउँ प्रमुख र प्रमुख प्रशासकीय अधिकृत धुर्कोट गाउँपालिका, गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
४९	१३	४२,६७,६८७	०	१३	४२,६७,६८७	०	४९	०	०	०	०	०	०	०	०	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गुल्मी	६,८४,८५,०००	०	३,२१,८३,३५०	३,६३,०१,६५०	०	०	३,६३,०१,६५०

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
यस वर्षको प्रतिकृयाबाट सम्परीक्षण				
१	२०८१/८२	४२	शिक्षण सिकाइ अनुदान	४,५१,४९०
२	२०८१/८२	३३.३	वुढीकोट क्षेत्र पर्यटन पूर्वाधार निर्माण	३,४३,८१६
३	२०८१/८२	२५	वढी भुक्तानी	१०,२००

४	२०८१/८२	४६	पाइपलाईन खन्ने पुर्ने कार्य	२,९४,५२०
५	२०८१/८२	४१	त्रैमासिक निकासा	८४,५००
६	२०८१/८२	३८	जनश्रमदान	११,५३७
७	२०८१/८२	३९	कार्यसम्पादन जमानतको म्याद थप	२३,३२,८७१
८	२०८१/८२	४३	कक्षा ८ परिक्षा	१,१०,३०४
९	२०८१/८२	२९.२	औद्योगिक ग्राम निर्माण	६,२८,४४९
जम्मा				**४२,६७,६८७**
विगत आर्थिक वर्षको सम्परीक्षण				
१०	२०८०/८१	४५	गत आर्थिक वर्षको भुक्तानी	२२,५४,९२४
११	२०८०/८१	क्र. स १	क्याम्पसलाइ अनुदान	४,९४,६४३
१२	२०८०/८१	४१	करार कर्मचारी	१८,३८,२२६
१३	२०८०/८१	९३	औद्योगिक ग्राम निर्माण योजना	२३,६०८
१४	२०८०/८१	५४	अनुगमन समितिको बैठक भत्ता	३,४०,०००
१५	२०७९/८०	५१५	भारी मेशिन	१४,४८,७३६
१६	२०७९/८०	१६	बढी खर्च	७,५००
१७	२०७९/८०	३१	बढी करको लागत	२८,०५,४२३
१८	२०७९/८०	२०	पढ्दै कमाउँदै कार्यक्रम	९,८५,४३४
१९	२०७९/८०	१८	छात्रवृत्ति	५,०००
२०	२०७८/७९	५९.२	हाजार्ड भत्ता	३,३३८
२१	२०७८/७९	६६	व्यावसायिक कागती खेती अनुदान	२२,७०९
२२	२०७८/७९	५	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः	१८,००,०००
२३	२०७८/७९	७७	भ्रमण खर्च	१३,८८४
२४	२०७८/७९	५४	बढि निकासा	६२,०२८

२५	२०७८/७९	६०	कोभिड भत्ता	४५,००७
२६	२०७७/७८	३०.३ र ३०.५	सामुदायिक विकासकालागी बाख्रा उद्यम परियोजना- हेफर प्रोजेक्ट नेपाल	७९,२४०
२७	२०७७/७८	३७.३	लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम	१०,१०,०००
२८	२०७७/७८	३८	प्रधानमन्त्री रोजगार कार्यक्रम	१,०९,४२,९३४
२९	२०७७/७८	९.३ र ९.४	पदाधिकारी सुविधा	१०,९१,४३१
३०	२०७७/७८	४४	दोहोरो भत्ता	६,३७५
३१	२०७७/७८	२१.४	ठूलामूल लिफ्ट खानेपानी योजना स्किम १ ठे न ७-२०७७।७८ नूतन निर्माण सेवा	४३,५४४
३२	२०७७/७८	४३	कार्यसम्पादन वैठक भत्ता	५१,०००
३३	२०७७/७८	४५	कर्मचारी प्रोत्साहन भत्ता	५,८२,२७०
३४	२०७७/७८	४६	अनुगमन भत्ता	५,६९,५००
३५	२०७५/७६	४०	अन्य निकायको परिचालन गरी खर्च भुक्तानी गरेको	२४,७०,५२५
३६	२०७४/७५	५५	सोझै खरिद	३,८९,८००
३७	२०७४/७५	६०	सोझै खरिद	२०,४४,०३७
३८	२०७४/७५	७४	सीमा भन्दा बढीको सोझै खरिद	७,९९,७८६
३९	२०७४/७५	७७	फरक शीर्षक	४,४७,०९१
जम्मा				**३,२१,८३,३५०**
कुल जम्मा				**३,६४,५१,०३७**

धुर्कोट गाउँपालिका, गुल्मी

(८०५५२५०६३००)

धुर्कोट गाउँपालिका , गुल्मी

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा ७ वडा, ८६.३२ वर्ग किलोमिटर क्षेत्रफल तथा जनगणना २०७८ बमोजिम १८८१४ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।१६ देखि २०८२।६।१ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- पालिकाको आय – व्ययतर्फ रु.१ अर्व ३८ करोड ६७ लाख ५१ हजार को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन् ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ८०,२४१ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	लागत साझेदारी	२७१२०
२	फिल्ड भत्ता पारिश्रमिक कर	५३१२१

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय संचीत कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा सम्लग्न गरिएको छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण निम्नानुसार छः-

आय				व्यय		
क्र.सं.		रकम	रकम	क्र.स	विवरण	खर्च रकम
1	**गत वर्षको जिम्मेवारी**		**३७२९९१८७**	१	चालु खर्च	**३४१२३०१६९**
क	विभाज्य कोष खाता २१	८६९०००		क	गाउँपालिका चालू खर्च	
v	गत वर्षको बैंक अल्या मूल खाता ६	९२५००२४		ख	संघीय शशर्त चालू खर्च	
	स्थानीय तह विविध खर्च खाता नं. १९	१०२१२५६०		ग	प्रदेश शशर्त चालू खर्च	
ग	बैंक अल्या विपद खाता २३	१२५६५१९		घ	प्रदेश विशेष अनुदान चालू	
घ	धरौटी खाता २	१४२११०८४		**२**	पुँजीगत खर्च	**१४३८४४१३९**
ङ	स्थानीय तह विविध कोष २०	१५०००००		क	गाउँपालिका पुँजीगत खर्च	
२	राजस्व		**९१६१४६४३**	ख	संघीय समपुरक अनुदान खर्च	
क	आन्तरिक राजस्व	५४९१६४८		ग	संघीय शशर्त अनुदान पुँजीगत	
ख	प्रदेश राजस्व बाँडफाँट	५७७३७१३		घ	संघीय विशेष अनुदान खर्च	
ग	संघीय राजस्व बाँडफाँट	७७८४८४२७		ङ	प्रदेश समपुरक अनुदान खर्च	
घ	दहत्तर बहत्तरबाट प्राप्त राजश्व	२५००८५५		च	प्रदेश विशेष अनुदान खर्च	
३	वित्तीय हस्तान्तरण संघ		३९९९०३४६१	छ	प्रदेश शशर्त अनुदान खर्च	
क	वित्तीय समानिकरण अनुदान	८४५१०९६०		**३**	वित्तीय व्यवस्था भुक्तानी	
ख	शशर्त अनुदान चालु	२५३०९४५००		S	ऋण भुक्तानी	
ग	शर्शत अुदान पुजिगत	३९८०००००		**4**	लगानी	
घ	समपुरक अनुदान	४९९८००१		क	ऋण लगानी	
ङ	विशेष अनुदान	१७५०००००		ख	शेयर लगानी	
४	वित्तीय हस्तान्तरण लुम्बिनी प्रदेश		१९७४०७६३	**९**	**मौज्दात**	**३५९९६४६५**
क	समानिकरण अनुदान	६०२७०००		क	बैंक मूल खाता (६ नं.)	७०८९१३५
ख	विशेर्ष अनुदान चालु	२५०००००		ख	धराटी मौज्दात (२ नं. खाता)	१८७८२४४०
ग	शशर्त अनुदान पुजीगत	५९६२४४६		ग	विविध कोष खाता (२० नं.)	१५०००००
घ	समपुरक अनुदान पुँजिगत	५२५१३१७		घ	प्रकोष व्यवस्थापन खाता नं. २३	१५७७०१९
ङ	विशेष अनुदान पुँजीगत	०		ङ	विभाज्य कोष खाता नं. २१	०
५	**अन्य आम्दानी**		**७४२१२८**	च	विविध खर्च खाता नं. १९	७०४७८७१
१	पेश्की आम्दानी	३६५०००		**वित्तिय÷अन्य व्यवस्था(क+ख +ग)**		
२	मालपोत कार्यालयबाट प्राप्त आम्दानी	३७७१२८		**क**	अनुदान फिर्ता	**२९३९७४०३**
				१	संघीय ससर्त	२८०६१५१३
६	**कोष खाता आम्दानी**		२०१५९७६२	२	प्रदेश ससर्त	१३३५८९०

१	धरौटी आय २	५६६४६८७		**ख**	कोष खाता खर्च	**१९३०३९०८**
२	प्रकोप व्यवस्थापन २३	६८८००००		१	धरौटी फिर्ता खर्च २	१०९५६४४
३	बिभाज्य कोष २१	३४४४७९८		२	प्रकोप व्यवस्थापन खर्च २३	६५५९५००
४	विबिध खर्च खाता १९	४१७०२७७		३	विभाज्य कोष खाता २१	४३१३७९८
५	स्थानीय तह विवीध कोष खाता नं.२०	०		४	विविध खर्च खाता १९	7022826
७	हस्तान्तरित कार्यक्रम		१६०५६३३९६	**४**	हस्तान्तरित कार्यक्रम	**१६०५६३३९६**
१	सामाजिक सुरक्षा तथा संरक्षण	१४०११६७७०	०	१	सामाजिक सुरक्षा तथा संरक्षण	१४०११६७७०
२	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास	६०९५६०१		२	स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास	६०९५६०१
३	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१२७०१०२५		३	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	१२७०१०२५
४	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	३०००००		४	श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय	३०००००
५	बिद्यालय शिक्षा क्षेत्र योजना	१३५००००		५	बिद्यालय शिक्षा क्षेत्र योजना	१३५००००
	जम्मा		७३००२३३४१		जम्मा	**७३००२३३४१**

क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोवार, आय व्ययको लेखा प्रणाली तथा राजश्व र खर्च शीर्षकको वर्गीकरण अनुसार राख्नु पर्ने व्यवस्था छ ।त्यस्तै म.ले.प.फा.नं.२१२ तयार गरी बैङ्क हिसाव विवरण तयार गरी हिसाव भीडान गर्नुपर्दछ।पालिकाको तयार गरेको एकिकृत वित्तिय विवरण अनुसार अन्तिम मौज्दात रु.३ करोड ५९ लाख ९६ हजार ४६५ रहेकोमा म.ले.प.फा.नं.२७० अनुसार अनुसार मौज्दात रु.३ करोड ४४ लाख ९९ हजार २०३ रहेको छ । जसवाट एकिकृत वित्तीय विवरणमा म.ले.प.फा.नं.२७० मा भन्दा रु.१४ लाख ९७ हजार २६२ बैक मौज्दात वढी रहेकोमासो सम्वन्धमा हिसाव मिलान गरी पेश गरेको छैन ।वर्षान्तको मौज्दातमा फरक सम्वन्धमा हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

ख) त्यस्तै सुत्र अन्तरगतको म.ले.प.फा नं. २७० मा गत वर्षको जिम्मेवारी रु.३,३७,५६,१७६।० रहेकोमा पालिकाले तयार गरेको एकिकृत वित्तीय विवरणमा गत वर्षको मौज्दात रु.३,७२,९९,१८७।० रही रु.२६,७९,००४।० लाख एकिकृत वित्तीय विवरणमा गतवर्षको मौज्दात वढी सारेकोमा सोको मिलान गरि पेश भएको छैन ।वर्षान्तको मौज्दातमा जिम्मेवारी फरक सम्वन्धमा हिसाव मिलान गर्नुपर्ने देखिन्छ ।

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **योजना तथा वजेट कार्यान्वयन -**

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

•अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०८१ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु.२ करोड ७४ लाख ९३ हजार मिति २०८१।१०।१४ देखि २०८२।२।२५ सम्म विभिन्न १० पटकको निर्णयवाट रु रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.१४ प्रतिशत हुन्छ। रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वयनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४ **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ। पुर्वाधार विकास तथा आर्थिक विकास क्षेत्रमा न्यून वजेट विनियोजन तथा खर्च भएकोले उक्त क्षेत्रहरुमा स्रोत वढाउनुपर्ने देखिन्छ।

क्र.स	**क्षेत्र**	**बजेट रु हजारमा**	**खर्च रु हजारमा**	**खर्च प्रतिशत**
				जम्मा खर्चको तुलनामा
१	आर्थिकविकास	२९४८३०००.	२२१२९७७९.	४.५६
२	सामाजिक विकास	२७१२२१०००.	२४६६०७३१७.	५०.८४
३	पूर्वाधार विकास	९९६५४७१७.	९३९०१८२२.१३	१९.३६
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	८०७८०००.	७४०२६५४.	१.५३
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१२५४६३०००.	११५०३२७३६.९	२३.७१
कुल जम्मा		**५३३८९९७१७.**	**४८५०७४३०९.०३**	

५ **सम्पत्ति हस्तान्तरण -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरू जिम्मेवारी सार्नुपर्ने भनीइ गत विगतको प्रतिवेदनमा औल्इएकोमा सोको जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

६ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन। पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण अभिलेख राख्नु पर्दछ।

७ **सहकारी नियमन -**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

८ **जिन्सी सम्पतिको सुरक्षा -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको

हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ।२०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ। पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग गरेको पाईएन। यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन। पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ।

९ **विज्ञापन वोर्ड कोष खाता कट्टी -**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि चालु तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट समेत सूचना प्रकाशनमा खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

•पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

•पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

•ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

•भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने साथै सोको उपलव्धिको मूल्याङ्कन गरेको छैन।पालिकाले भ्रमण तथा अनुगमन वापत रु.२९ लाख ५५ हजार खर्च लेखेकोमा भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

•पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

•पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

•संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

•संस्थागत विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्बढ वनउनु पर्ने देखिन्छ ।

११ **संगठन तथा कर्मचारी व्यवस्थापन** -

११.१ **दरबन्दी तथा पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट पालिकामा प्रमुख प्रशासकीय अधिकृत तथा स्वास्थ्य तर्फका समेत ७० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित २२ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृतस्तर सातौ शिक्षा, अधिकृतस्तर छैटौं पशु लगायत विभिन्न ४६ पदहरु रिक्त रहेका छन्। पालिकाले रिक्त पदहरु लोकसेवा आयोगमा पदपूर्तिका लागि माग गरेकोमा पदपूर्ति भइ नआएको जनाएको छ। दरवन्दी तथा पदपुर्ति व्यवस्थापन आवश्यकताको आधारमा हुनु पर्दछ।

११.२ **तलवी प्रतिवेदन**- लुम्बीनी प्रदेशको स्थानीय निजामती सेवा ऐन, २०८१ को दफा ७० को उपदफा ४ वमोजिम प्रदेश कितावखाना वा प्रदेश लेखा नियन्त्रकको कार्यालय वा प्रदेश लेखा ईकाईवाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | त्यस्तै उपदफा ५ वमोजिम तलबी प्रतिवेदन पारित नगरी तलव भुक्तानी गरेमा भुक्तानी दिने अधिकारीवाट असुल गरिने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई गरी रु.४ करोड ५८ लाख ४८ हजार खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा भुक्तानी भएको ग्रेड रकम एकिन गर्ने सक्ने अवस्था रहेको छैन । अत कानून वमोजिम तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

११.३ **करार कर्मचारी व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले विभिन्न पदमा ४६ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.१ करोड ७ लाख ९४ हजार खर्च लेखेको छ। पालिकाले उत्त पदहरुमा विगत वर्ष देखी कार्यरत रहेको जनाएको छ ।रिक्त दरवन्दि लोकसेवा आयोगमा माग गरी आवश्यकताको आधारमा पुर्ति हुनुपर्दछ।

१२ **म्याद ननाघेको पेश्की** -

सार्वजिनक खरिद नियमावली२०६४ को नियम ११३ तथा खरिद सम्झौताको सर्त वमोजिम दिएको पेश्की सम्झौतामा उल्लेख भए वमोजिम फर्स्यौट गर्नुपर्दछ। पालिकाले विभिन् निर्माण कार्यको लागि गत विगत वर्ष रु.१ करोड १३ लाख ५० हजार दिएको पेश्की मध्ये निम्नानुसार बाँकी रहेकोछ।उक्त पेश्की खरिद नियमावली तथा सम्झौताको सर्त वमोजिम फर्स्यौट गर्नुपर्दछ।

क्र.सं.	**पेश्की लिएको मिति**	**पेश्कीको विवरण**	**पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम**	**यो वर्षको पेश्की वाकी**	**गत वर्षको वाँकी**
१	०४/०१/२०८१	अन्य सार्वजनिकनिर्माण	रविना / अर्जुन /न्यू लिजा जे.भी		८८,००,०००.००
२	०४/०१/२०८१	बुढीकोटपर्यटन पूर्वाधार निर्माण	ड्रागन-रेगन-रेसुङ्गादर्शन जे.भी		२३,५०,०००.००
३	०६/२१/२०८१	आवासीयभवन निर्माण/खरिद	प्राकृतिकश्रेष्ठ सुनिल समिर जे.भि.		२,००,०००.००
			जम्मा		**१,१३,५०,०००.००**

१३ **आर्थिक सहायता** - पालिकाको आन्तरिक आयको परिधिमा रही आर्थिक सहायता वितरण हुनुपर्दछ। पालिकावाट यो वर्ष कडारोग सहयोग, अन्य रोगहरुको उपचार खर्च अध्यक्षको सिफारीसमा अधिकतम रु.२० हजार तथा सो भन्दा वढी कार्यपालिकावाट निर्णय गरी यो वर्ष रु.५ लाख ७२ हजार खर्च गरेको छ। पालिकाको आन्तरिक आय समेतका आधारमा आर्थिक सहायता विवरण हुनुपर्दछ।

१४ **योजनाको प्राथमिकीकरण** -

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदनमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार पालिकास्तरका कुल ३३६ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	**कार्यक्रमको नाम**	**योजना सङ्ख्या**	**रु.२० लाख माथिका योजना सङ्ख्या**	**रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या**	**रु.५लाख भन्दा कमका योजना सङ्ख्या**
१.	पालिकास्तरीय	३३६	२९	२८	२७९

साना र वितरणमुखी योजनाको सट्टा उत्पानदनमुलक, रोजगारी सृजना हुने, लागत सहभागिता हुने, स्थानीय स्रोत र साधन परिचालन हुने विषयलाई लगायतलाई ध्यान दिई वढी प्रतिफलमुखि योजना छनोट गर्नुपर्ने देखिन्छ ।

१५ **प्रगति** -

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

शीर्षक	बार्षिक बजेट	खर्च	खर्च(%)
पँजीगत			
३११११ आवासीय भवन निर्माण/खरिद	१२६१५०००.	१२०७४२२३.	९५.७१
३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च	४५१२१७.	४५१२१७.	१००
३११२२ मेशिनरी तथा औजार	१५४००००.	१२५७३३४.	८१.६५
३११२३ फर्निचर तथा फिक्चर्स	१६२००००.	१४२१३२६.	८७.७४
३११५१ सडक तथा पूल निर्माण	६४९८८५००.	६०६८५६७४.१३	९३.३८
३११५४ तटबन्ध तथा बाँधनिर्माण	११५००००.	११३५८७४.	९८.७७
३११५५ सिंचाई संरचना निर्माण	१७०००००.	१६४६३५८.	९६.८४
३११५६ खानेपानी संरचना निर्माण	२५५८५००.	२४४४९६१.	९५.५६
३११५७ वन तथा वातावरण संरक्षण	०	०	०
३११५९ अन्य सार्वजनिक निर्माण	६९७०००००.	६२७२७१७२.	९०
३१५११ भैपरी आउने पूँजीगत	१०००००.	०	०
जम्मा	१५६४२३२१७.	१४३८४४१३९.१३	९१.९६

१६ **त्रैमासिक खर्च** -

कार्यालयको लागि स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक त्रैमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम त्रैमासिकमा ७.२७ प्रतिशत र दोस्रो त्रैमासिकमा ८.४ प्रतिशत, तेस्रो त्रैमासिकमा २९.८ तथा चौथो त्रैमासिकमा ५४.५१ प्रतिशत खर्च गरेको देखिन्छ। कुल पुँजीगत खर्चको तुलनामा आषाढ महिनामा मात्र ४१.६१ प्रतिशत खर्च गरेको छ। शिर्षकगत त्रैमासिक खर्च निम्नानुसार रहेको छ।

(रकम रु हजारमा)

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	पूँजीगत खर्चतर्फ अन्तरसरकारी समेत	१४३८४४	१०४६२	१२०८५	४२८७५	७८४२१	५९८५८
कुल खर्चको तुलनामा प्रतिशत			**७.२७**	**८.४**	**२९.८**	**५४.५१**	**४१.६१**

वार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो त्रैमासिकमा ५४.५१ प्रतिशत तथा आषाढ महिनामा ४१.६१ प्रतिशत खर्च भएको देखियो। यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले त्रैमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१७ **आन्तरिक राजस्व सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन् :**

कार्यालयले मुल संचित कोषको बैंक नगदी किताव तयार गरेको भएता पनि आन्तरिक आयको आम्दानी वाँधेकोमा रकम बैंक दाखिला भए नभएको यकीन नगरी सोझै जति राजस्वको सफ्टवयरले देखाउछ उति नै दाखिला गरेको मानि आम्दानी बाँधेको छ भने मासिक तथा वार्षिक रुपमा राजस्व खाता र संचित कोष खाताको सम्बन्धमा बैंक हिसाव मिलान गरेको छैन।

-आय ठेक्का अभिलेख नै नरहेको को कारण ठेक्का सम्बन्धी बाँकी बक्यौता असुली व्याज जरिवान यकीन गर्न तथा फाईल परीक्षणमा समस्या परेको - राजश्व मलेपफा नं १०१ देखि ११५ सम्मको अभिलेख नराखेकोले राजश्व आम्दानी, राजस्व छुट सहुलियत, राजश्व बक्यौता, बैक दाखिला, सञ्चित कोष दाखिला बारे यकीन हुन सकिएन ।

-वडाको आम्दानी सम्बन्धमा पालिकाले देखाएको आम्दानीलाई मात्र आधार मानि लेखापरीक्षण सम्पन्न गरिएको छ।

-पालिका भित्रका स्थायी लेखा नं लिएका करदाता, बहालकर बुझाउनुपर्ने करदाताको विवरण माग तथा वहाल कर नवुझाई कर चुक्ता दिन नहुने व्यवस्थाका लागि आन्तरिक राजस्व कार्यालयसँग सहकार्य गरेको छैन।

१८ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकी विवरण समाबेश गरेर राखी ७ वटा कार्यक्रमको रु.४८ लाख ३४ हजार ३५९ भुक्तानी दिएको छ।बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मात्र भुक्तानी वाँकीको दायित्व यो वर्षको वजेटमा समावेस हुने गरी वजेटनिर्माण तथा खर्च हुनुपर्दछ ।

१९ **कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले लक्ष्य वमोजिम असुली हुन सकेको देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

२० **असूली**

यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको छ । राजश्व उठ्ने क्षेत्रहरु पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

क्र.सं.	प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी	प्राप्तिको श्रोत	वार्षिक अनुमानित आय	आम्दानी
१	११३१३ - सम्पती कर	०	१,३५,६८७.३८	११३१३ - सम्पती कर	२०४७७१.३४	२०४७७१.३४
२	११३१४ - भुमिकर/मालपोत	३,००,०००.००	५,५३,२६१.६५	११३१४ - भुमिकर/ मालपोत	४६७१७६.५	४६७१७६.५
३	११३१७ - वहाल कर	४,००,०००.००	३,२२,१५६.००	११३१७ - वहाल कर	४८१६९४.३२	४८१६९४.३२
४	११३१८ - वहाल विटौरी कर	०	६,९५८.३३	११३१८ - वहाल विटौरी कर	१५,२२०.००	१५,२२०.००
५	११४५१ - सवारी साधन कर (साना सवारी)	०	१,१००.००	११४५१ - सवारी साधन कर (साना सवारी)	७,०००.००	७,०००.००
६	११६११ - व्यवसायले भुक्तानी गर्ने	०	२८,९६०.००	११६११ - व्यवसायले भुक्तानी गर्ने	१,२००.००	१,२००.००
७	११६९१ - अन्य कर	०	३,२५,३२०.००	११६२१ - व्यवसाय बाहेक अन्यले भुक्तानी गर्ने	४१,४९०.००	४१,४९०.००
८	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	२५,००,०००.००	३,०००.००	११६९१ - अन्य कर	३८७८६६.९	३८७८६६.९
९	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	०	२,१०,०७९.२०	१४२१३ - अन्य बिक्रीबाट प्राप्त रकम	०	०
१०	१४२२१ - न्यायिक दस्तूर	०	३,९६०.००	१४२१९ - अन्य सेवा शुल्क तथा बिक्री	३९,६३३.८०	३९,६३३.८०
११	१४२२३ - शिक्षा क्षेत्रको आम्दानी	०	१,५००.००	१४२२४ - परीक्षा शुल्क	६६,६००.००	६६,६००.००
१२	१४२२४ - परीक्षा शुल्क	१,००,०००.००	६४,७००.००	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	२९९१६५.	२९९१६५.
१३	१४२२९ - अन्य प्रशासनिक सेवा शुल्क	५,००,०००.००	१,२१,३२०.००	१४२४३ - सिफारिश दस्तुर	१४७६७९३.	१४७६७९३.
१४	१४२४३ - सिफारिश दस्तुर	१२,००,०००.००	१२,८३,९६५.००	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	४३९९२५.	४३९९२५.
१५	१४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर	८,००,०००.००	६,६०,१००.००	१४२४९ - अन्य दस्तुर	१८०८००.	१८०८००.
१६	१४२४५ - नाता प्रमाणित दस्तुर	०	७३,१५०.००	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	११५०३८.	११५०३८.
१७	१४२४९ - अन्य दस्तुर	०	३,१९,७९६.११	१४३११ - न्यायिक दण्ड, जरिवाना र जफत	१४०.	१४०.
१८	१४२५३ - व्यावसाय रजिष्ट्रेशन दस्तुर	९,००,०००.००	२,९१,९००.००	१४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत	३९४५४२.	३९४५४२.
१९	१४३१२ - प्रशासनिक दण्ड,	३,००,०००.००	२,५६,१५०.५०	१४५२९ - अन्य राजस्व	२९६१६३.	५८१५३९.१३

	जरिवाना र जफत					
२०	१४५२९ - अन्य राजस्व	०	२२,०३,५००.५४	१४६११ - व्यवसाय कर	८१८८९७.५	८१८८९७.५
२१	१४६११ - व्यवसाय कर	०	५,७२,४३७.००	१५१११ - बेरूजू	६५२१५०.	६५२१५०.
२२	१५१११ - बेरूजू	०	१,५९,७३५.००	३२१२२ - बैंक मौज्दात		०
	जम्मा	७०,००,०००.००	७५,९८,७३६.७१		६३८६२६६.३६	६६७१६४२.४९

२१ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

कुल खर्च	केन्द्रीय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आयवाट प्रतिशत
४८५०७४३०९	४७७४७५५७३	७५९८७३६	१.५६

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.५६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२ **ढुंगा गिट्टी बालुवा उत्खन्न तथा विक्री**

ढुंगा गिट्टी बालुवा उत्खन्न, विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ अनुसार स्थानीय तहहरुलाई ढुंगा गिट्टी बालुवा जस्ता निर्माण सामाग्रीको अनियन्त्रित दोहनलाई निरुतसाहित गरी दीगो उपयोग गर्न र यस क्षेत्रबाट उठ्ने राजश्व संकलन व्यवस्थित रुपमा गर्ने उल्लेख भएकोमा अनुसूचि १ मा चेकलिस्ट अनुसार नदिको वातावरणीय अवस्था अध्ययन तथा निरीक्षण गर्ने, २कमा वातावरणीय अध्ययनको आधारमा उत्खन्न परिमाण, सेवा शुल्क र मूअकर बाहेक न्यूनतम बोलपत्र रकम खुलाई बोलपत्र आवहान गर्ने, अनुसूचि २ख बमोजिम मूअकर बाहेकको रकम तथा मूअकर समेत खुलाई किस्ता रकम खुलाई ठेक्का सम्झौता गर्नुपर्ने, अनुसूचि ३ अनुसार पटके प्रवेश आदेश दिनुपर्ने, अनुसूचि ४क बमोजिम उत्खन्नकर्ताले दैनिक उत्खन्न अभिलेख राख्नुपर्ने, ४ख बमोजिम दैनिक पटके विक्री वा ढुवानी अभिलेख तेरिज राख्नु पर्ने र अनुसूचि ५ बमोजिम चेक्लिस्ट बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्ने उल्लेख छ ।त्यसै गरि लुम्बिनी प्रदेश, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ कार्यान्वय सम्बन्ध परिपत्रमा समेत वातावरणीय अध्ययन गर्ने, कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन।

२३ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विविधतर्फ गत वर्ष रु.२१ लाख ९१ हजार खर्च गरेकोमा यो वर्ष रु.२० लाख ६० हजार खर्च लेखेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

२४ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर पालिकाले अन्तरसरकारी वाहेकका यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

२५ **वढी भुक्तानी** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२१** को निर्णयले रू **१०,२००**

सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

२६ **कृषि औजार अनुदान कार्यक्रम -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ५० प्रतिशत अनुदानमा कृषि औजार अनुदान कार्यक्रम शिर्षकबाट पालिकाभित्रका १ कृषि सहकारी, १३ कृषि फर्म र ७० कृषकहरुलाई १०५ कृषि उपकरणहरु (मिनिट्रिलर,कम्वाइन राइस मिल, कन्सेलर, उखु पेल्ने मेशिन, ज्याकपालन्टर र मिनि विडियर) खरिद गर्नका लागि रु.१५,६३,७५० अनुदान दिएको छ। पालिकाले सो अनुदान रकमको अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरो/तेहरो नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ साथै सोको वेभसाईटमार्फत सार्वजनिकरण गर्नुपर्ने देखिन्छ ।

२७ **गैह्रसरकारी संस्था मार्फत कार्य -**

पालिकाले गैह्र सरकारी संघ/संस्था तथा निजी क्षेत्र बिचको सहकार्यमा गरिवी न्युनीकरण दीर्घकालीन परियोजना संचालन कार्यक्रम अन्तर्गत कृषि तथा पशु वस्तुहरुको उत्पादनमा बृद्धि गरी रोजगारीमुलक, उद्यमशिल र मर्यादित कृषि व्यवसाय विकास गर्न खासगरी बोका बाख्रा वितरण,खोर निर्माण एंव उद्यमशिलता तालिम संचालन गर्न यस धुर्कोट गाउँपालिकाले आर्थिक वर्ष २०८१।८२ सम्ममा कार्यसम्पन्न गर्ने गरी पालिकाको ७० प्रतिशत तथा संस्थाको ३० प्रतिशत लागत रहने गरी मिति २०८०।२।१ मा रु.१ करोड ७८ लाख ५७ हजार को सम्झौता गरी गत वर्षको रु.५२ लाख ८८ हजार र यो बर्ष रु.२४ लाख ८१ हजार समेत हाल सम्म रु.७७ लाख ६९ हजार भुक्तानी गरेको छ ।सो सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

२७.१ **कानुनी व्यवस्थाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (८) मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि नियम ७० बमोजिम आशयपत्र माग गर्नुपर्ने र नियम ७० मा रु२० लाख भन्दा बढीको परामर्श सेवा खरिद गर्न खरिद ऐन २०६३ को दफा ३० बमोजिम आशय पत्र संकलन गर्नुपर्ने र त्यसको लागि पर्न आएका आशय पत्रदाताबाट साधारणतया ३ देखि ६ आशयपत्र दाताको सूची तयार गर्नुपर्ने व्यवस्था छ ।सार्वजनिक खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चात सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २० प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ।पालिकाले गत वर्ष आसयपत्रमार्फत कार्यक्रम संचालनको लागि हेफर नेपाल छनोट गरी कार्यक्रम संञ्चालन गरेको छ ।यसरी छनोट भई कार्यक्रम संचालन गरेपनि पालिकाको अनुदान रकमको खर्चको विलभरपाई तथा फाँटवारी पेश गर्ने व्यवस्था भए पनि, संस्थाले यस सम्वन्धमा विलविजक जारी गर्ने र आय कर ऐन वमोजिम कर कट्टा गर्ने सम्वन्धमा सम्झौतामा व्यवस्था गरेको देखिदैन।खरिद कानून वमोजिम सम्झौता गर्ने फाँवारीहरु पेश गर्ने तथा कर कट्टी गरि भुक्तानी गर्ने गरी सम्झौतामा व्यवस्था हुनुपर्दछ ।

२७.२ **लेखापरीक्षणः** लेखापरीक्षण सम्झौता अनुसार कुल कार्यसम्पन्नको ३० प्रतिशत सम्बन्धित परामर्शदाताले र ७० प्रतिशत पालिकाले भुक्तानी गर्ने गरी सम्झौता भएकोमा १०० प्रतिशत श्रेस्ता पेश गर्नुपर्नेमा ७० प्रतिशतको मात्र श्रेस्ता पेश गरेको र पालिकावाट भएको खर्चको आधारमा ३० प्रतिशतले हुने रु.३० लाख २९ हजारको श्रेस्ता पेश नभएको तथा सोको लेखापरीक्षण गराएको छैन । पालिकालाई सम्पुर्ण खर्चको श्रेस्ता पेश गरी लेखापरीक्षण गराउनुपर्दछ।

२७.३ विल बिजकः हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पेश भएको विवरण अनुसार कुल खर्च भएको रु.१,२५,६९,७५६।० मध्ये पालिकावाट गत विगतको समेत भुक्तानी भएको रु. ७७ लाख ६९ हजार भुक्तानी भएको र संस्थावाट भएको खर्च रु.४८,००,०५६।० रहेको छ । संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा मात्र गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने

र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको देखिन्छ।कार्यक्रममा समेत सहभागिता हुने व्यवस्था गर्नुपर्दछ ।

२७.४ सम्झौताको बुदा न. ४ अनुसार संचालित कार्यक्रमको पालिकावाट मासिक/त्रैमासिक/ अर्धवाषिक रुपमा स्थलगत अनुगमन सहित कमिकमजोरी भएकोमा सुधार गर्न लगाउने व्यवस्था रहेकोमा पालिकावाट यस्तो अनुगमन मुल्याङ्कन गरेको छैन ।

२७.५ सम्झौताकोअनुसार भविष्यमा आईपर्न सक्ने जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको विमा गराउनु पर्नेमा दोस्रो पक्षवाट यस्तो विमा गराएको पाईएन ।सम्झौताकोअनुसार जोखिम न्यूनीकरणका लागी कर्मचारी, वितरण गरिने बाख्रा बोका पाठा पाठीको विमा गराउनु पर्ने देखिन्छ ।

२७.६ सम्झौताको अनुसार दोस्रो पक्ष हेफर नेपालवाट संचालित कार्यक्रमको प्रतिवेदन पालिकामा पेश गर्नु पर्नेमा सो बमोजिम प्रतिवेदन पेश गरेको छैन।पालिकावाट समेत प्रतिवेदन पेश गर्न लगाउन पहल गरेको छैन ।संचालित कार्यक्रमको प्रतिवेदन पालिकामा पेश गर्नुपर्ने देखिन्छ ।

२८ **कार्यतालिका बमोजिम कार्य नभएको –**

निर्माण कार्यको खरिद सम्झौता वमोजिमको कार्यतालिका अनुसार कार्य गरी कार्य सम्पन्न गर्नुपर्दछ।धुरकोट वडा नं ६ मा पर्यटन पूर्वाधार निर्माण गर्न रु.४ करोड ७७ लाख २ हजार स्वीकृत गरी वोलपत्र हुदा ड्रागन रेगन–रेसुङ्गा दर्शन जे.भी को रु.३ करोड १३ लाख ६८ हजार ६२१ स्वीकृत गरी २०७८।६।२५ मा २०८०।३।१५ भित्र कार्यसम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा कार्यतालिका अनुसार कार्य हुन नसकी दुई पटकमा २०८२।१२।२५ सम्म म्याद थप भएको छ। निर्माणकार्यको २२ महिना भन्दा बढी म्याद थप हुँदा हाल सम्म ४० प्रतिशत कार्य भई रु.१ करोड २५ लाख ५३ हजार भुक्तानी भएकोमा सम्पन्न हुन सकेको छैन। खरिद सम्झौताको सर्त तथा खरिद कानून बमोजिम निर्माण कार्य सम्पन्न हुनुपर्दछ।

२९ **औद्योगिक ग्राम निर्माण –**

ठेक्का नं:-ODRM/Gulmi/W/NCB/28/2081-82 औद्योगिक ग्राम निर्माणको लागि निर्माण व्यवसायि श्री जानकी गोपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्ससँग २०८२।३।१० मा निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०८१।११।५ मा रु.६४,७७,७७३.५५(मुल्य अभिवृद्धि कर सहित)मा सम्झौता भएको छ।यस आर्थिक वर्षको अन्त्यसम्म रु.३१,६४,६८९ भुक्तानी भई करिब ५५ प्रतिशत भौतिक प्रगती भएको देखिन्छ।यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्:

२९.१ **म्याद थप** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, पालिकाले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। यस निर्माण कार्यको म्याद २०८२।३।१० मा सकिएको र हालसम्म पनि निर्माण कार्यको म्याद थपको कुनैपनि प्रक्रियामा नरहेको देखियो। पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण कार्य फरफारक गर्नुपर्दछ।

२९.२ **कार्यसम्पादन जमानतको म्याद थप –**

(..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **६२८,४४८.७१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२९.३ **बीमाको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले यस नियममा उल्लेखित व्यवस्था बमोजिम बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । ठेक्काको बीमा वापत बिओक्यूमा रु.५० हजार राखेकोमा बीमाको म्याद समेत नभएको हुँदा बीमाको म्याद थप गर्नुपर्दछ ।

३० **अस्पताल भवन निर्माण** –

१५ बेडको अस्पताल निर्माणका लागि लागत रु.१२ करोड ९० लाख ७१ हजार ८८८ रहेकोमा रवीना / अर्जुन/ न्यू लिजा जे.भी. को रु.१० करोड ४१ लाख ६१ हजार ६१० स्वीकृत गरी २०७८।०४।२१ कम २०८०।०२।१५ भित्र कार्यसम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा भेरिएसनद्वारा रु.९ करोड ८० लाख २१ हजार कायम गरीएको छ।साथै कार्यतालिका अनुसार काम हुन नसकेको मा २०८२।१२।१८ सम्म म्याद थप भएको साथै यो वर्ष सम्म रु.२ करोड २३ लाख २ हजारको कार्य गरी भुक्तानी भएकोछ।

खरिद सम्झौताको सर्त ५७.३ मा निर्माण व्यवसायीले लगेको पेश्की ८० प्रतिशत समयअवधि समाप्त हुँदा फस्यौट गरी सक्नुपर्ने व्यवस्था रहेको छ।सुरु सम्झौता२०७८।०४।२१ देखि २०८२।०३।३१ सम्म कुल निर्माण सम्पन्न गर्न लाग्ने अवधिको ८० प्रतिशत भन्दा बढी समय समाप्त भएकोमा फस्यौट हुन बाँकी पेश्की रु.८८ लाख रहेको छ।उक्त पेश्की खरिद सम्झौताको सर्त अनुसार फस्यौंट हुनुपर्दछ।

३१ **निर्मित संरचनाको उपयोग** -

निर्मित सार्वजनिक सम्पत्तिको उद्धेश्य बमोजिम उपयोग हुनुपर्दछ । गाउँपालिकाको वडा नं ५ मा शौक्षिक संग्राहलय निर्माणका लागि रु. १ करोड ४४ लाख २७ हजार ६२७ लागत स्वीकृत गरी बोलपत्रद्वारा असिम आकृति एण्ड सप्लायर्स प्रा.लि. को रु.१ करोड ३ लाख २ हजारमा २०८२/०६/३० भित्र सम्पन्न गर्ने गरि खरिद सम्झौता भएकोमा आषाढ भित्रै निर्माण कार्य सम्पन्न भई रु.१ करोड १ लाख २२ हजार ९१८ भुक्तानी भएको छ। निर्माण सम्पन्न भए पनि उक्त संग्राहलय संचालन भएको देखिएन।निर्मित सार्वजनिक सम्पत्तिको उद्धेश्य बमोजिम उपयोग हुनुपर्दछ।

३२ **प्रशासकिय भवन निर्माण** –

३२.१ प्रशासकिय भवन निर्माणका लागि रु.९ करोड ४१ लाख ४ हजार ३६२ ।स्वीकृत गरी वोलपत्र हुदा रु.७ करोड २३ लाख ९६ हजार कवोल गर्न प्राकृतिक/श्रेष्ठ/सुनिल/ जे.भी. सँग २०७८।०३।२३ मा २०७९।०९।१५ भित्र कार्य सम्पन्न गर्ने गरी खरिद सम्झौता भएकोमा वार्हौ रनिङ्ग विल सम्म रु.३ करोड ५८ लाख ३६ हजार बराबरको कार्य भई भूक्तानी भएकोमा निर्माण कार्य सम्पन्न भएको छैन।साथै निर्माण पेश्की फस्यौट गर्न बाँकी रु.५७ लाख रहेको छ ।

खरिद सम्झौताको सर्त ४९.३ बमोजिम ८० प्रतिशत समयअवधि समाप्त हुँदा निर्माण पेश्की फस्यौट भईसकेको हुनुपर्ने व्यवस्था रहेको छ।यस निर्माण कार्यको सम्झौता मिति २०७८।०३।२३ देखि म्याद थप समेत कार्य सम्पन्न गर्नुपर्ने अवधि २०८२।०९।३० भएपनि यो वर्षको अन्त २०८२।०३।३० सम्म (६६ महिनाको ६० महिना ९०.९० प्रतिशत) म्याद समाप्त भएकोमा सम्पूर्ण पेश्की फस्यौट भएको छैन।बाँकी निर्माण पेश्की सम्झौताको सर्त बमोजिम फस्यौट हुनुपर्दछ।

३२.२ **कार्यसम्पन्न गर्नुपर्ने**– खरिद सम्झौताको सर्त बमोजिम निर्माण कार्य सम्पन्न हुनुपर्दछ। कार्यतालिका बमोजिम निर्माण कार्य सम्पन्न नभएको स्ट्रम्चर, झ्याल, ढोका तथा प्लाष्टर र फिनिसिङ्गका सम्पूर्ण कार्यहरु बाँकी रहेको देखिन्छ । उक्त कार्य खरिद सम्झौताको सर्त वमोजिम सम्पन्न हुनुपर्दछ ।

३३ **वुढीकोट क्षेत्र पर्यटन पूर्वाधार निर्माण -**

ठेक्का नं:-ODRM/Gulmi/W/NCB/31/2081-82 वुढीकोट क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण वापत शिवको मूर्ति(स्टाचु) निर्माणका लागि निर्माण व्यवसायि श्री रिमार्केवल विल्डर्स प्रालिसँग २०८२।३।१५ मा निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०८१।१२।२६ मा रु.६८,७६,३२०.०६(मुल्य अभिवृद्धि कर सहित)मा सम्झौता भएको छ। यस आर्थिक वर्षको अन्त्यसम्म रु.४२,८५,०९२ भुक्तानी भई करिब ६२ प्रतिशत भौतिक प्रगती भएको देखियो। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्:

३३.१ **म्याद थपः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिव देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, पालिकाले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद सम्झौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। यस निर्माण कार्यको म्याद २०८२।३।१५ मा सकिएको र हालसम्म पनि निर्माण कार्यको म्याद थपको कुनैपनि प्रक्रियामा नरहेको देखियो। पालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण कार्य फरफारक गर्नुपर्दछ।

३३.२ **कार्यसम्पादन जमानतको म्याद थपः**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **३४३,८१६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३३.३ **बीमाको म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले यस नियममा उल्लेखित व्यवस्था बमोजिम बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । ठेक्काको बीमा वापत बिओक्यूमा रु.५६,५६० राखेकोमा बीमाको म्याद समेत नभएको हुँदा बीमाको म्याद थप गर्नुपर्दछ ।

३४ **परामर्श सेवा -**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९(१क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ। यो वर्ष पालिकाले परामर्श सेवा वापत रु.**१४,५१,७६१** खर्च लेखेको छ। पालिकाको जनशक्तिबाट गराउन सकिने काममा समेत परामर्शदाता राखी खर्च गरेकोले खर्च बढ्न गएको छ। अत्यावश्यक सेवाबाहेक पालिकाको जनशक्ति परिचालन गरेर परामर्शदाताको खर्चमा नियन्त्रण हुनुपर्दछ। परामर्श खर्च सम्वन्धी बिवरण देहायबमोजिम छ।

गो भौ र मिति	**परामर्शदाताको नाम**	**कामको विवरण**	**सम्झौता तथा भुक्तानी रकम**	
५८९।२०८२।३।२४	अलाना इन्टरनेशनल सर्विसेज प्रालि	धुर्कोट गाउँपालिकाको आवधिक योजना तर्जुमा तयारी	१४,६४,१४१	
जम्मा			**१४,५१,७६१**	

३५ **डी पी आर -**

परामर्श सेवा - सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९(१क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ।बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको

मात्र गुरुयोजना डीपीआर लगायतको अध्यन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। यो वर्ष पालिकाले परामर्श सेवा वापत रु.१२ लाख ७५ हजार खर्च लेखेको छ। परामर्श खर्च सम्वन्धी बिवरण देहायबमोजिम छ।

गो.भौ.नं. रमिति	**संस्थाको नाम**	**कार्यक्रम/विवरण**	**रकम**	**अध्ययनबाट निर्धारित योजनाको लागत अनुमान**
२०७।२०८१। ११।२८	बारबरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि	बुढीकोट क्षेत्र पर्यटन पुर्वाधार निर्माण	४,९२,६८०	१,६२,२१,०७१.६९
२९४।२०८२। १।१२	अस्त्र इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि	दुराकारुन्टा वडाचौर न्वारा रुपाटारी रीङ्गावोट सडक	२,९३,८००	
१४७।८१।९। २९	एरो कन्सल्टेन्ट	निवुवाखर्क मा वि डि पि आर	४८९२९०	
जम्मा			**१२७५७७०।०**	

अभिलेख तथा कार्यान्वयन- पालिकामा प्राविधिक कर्मचारीहरुको दरवन्दी रहेकोमा पालिका स्तरीय योजनाको डि.पि.आर.तयार वाह्य परामर्शदातावाट कार्य गराएको, हाल सम्म भएका डि.पि.आर.प्रतिवेदनहरुको अभिलेख राखेको देखिदैन।पालिकाको कर्मचारीले गर्न नसक्ने अवस्थामा मात्र परामर्श सेवा लिने तथा तयार भएका प्रतिवेदनको अभिलेख व्यवस्थित गरी कार्यान्वियन गर्नुपर्दछ।

३६ **निर्माण व्यवायीवाट कार्य** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो। उपभोक्ताबाट भएको कामको मूल्यांकनको पुरै रकम निर्माण व्यवसायीलाइ भुक्तानी भएको देखिदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३(क) वमोजिम उपभोक्ता समिति र निर्माण व्यवसायीलाइ कारवाही गर्नु पर्दछ। आगामी दिनमा पालिकाले पनि यस्ता कार्यहरुको प्याकेज तयार गरी प्रतिस्पर्धाको माध्यमबाट गर्नु पर्दछ।

गो.भौ.नं/मिति	उपभोक्ताको नाम	मुल्याङ्कन रकम	निर्माण व्यवसायीको नाम	बिल रकम
१९।२०८१।७।६	बरारुख नाम्दी हाडहाडे लोहोरी सहिद खिम विक्रम नेपाली सडक मर्मत उपभोक्ता समिति	१०६८८१.६	सुजता कन्स्ट्रक्सन प्रालि	१०६८८१.६
२८।२०८१।८।२६	वडा स्तरीय सडक मर्मत उपभोक्ता समिति	५५६९७०.४	वि. मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	५५६९७०.४
४१।२०८१।९।७	गल्दा ढिकीचौर चोरिपाटा मोटरबाटो निर्माण उपभोक्ता समिति	१६५०८६	अनमोल निर्माण सेवा	१६५०८६
४२।२०८१।९।७	गल्दा मुखियाका पधेरा सैनिक प्रालि मोटरबाटो विस्तार उपभोक्ता समिति	१६३४१८.८९	अनमोल निर्माण सेवा	१६३४२०
४५।२०८१।९।७	वडा स्तरीय मोटरबाटो मर्मत उपभोक्ता समिति	४९३५७७.४३	वि. मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४९३६००
५७।२०८१।९।१७	सुफल धनमुडा हाडहाडे सडक मर्मत उपभोक्ता समिति	१०५८१०.७५	सुजता कन्स्ट्रक्सन प्रालि	१०५८१०.७५
६८।२०८१।१०।६	तामाखानी जाने बाटो निर्माण सोमरभोमर उपभोक्ता समिति	१५५८७०.७३	जय मालारानी कन्स्ट्रक्सन	१५५८६८.१९
८५।२०८१।१०।१०	दमाई घाट मोटरबाटो निर्माण उपभोक्ता समिति	१०८९५८	जय मालारानी कन्स्ट्रक्सन	१०८९५८
९२।२०८१।१०।१३	जुम्लादी घुम्ती दारेढुङ्गा सल्लेधारा मोटरबाटो उपभोक्ता समिति	२१६७५६.१९	जय मालारानी कन्स्ट्रक्सन	२१६७५६.१९
१००।२०८१।१०।२३	उदिना बाख्रे थापाटोल मोटरबाटो उपभोक्ता समिति	१६३३९२.३९	अमोल निर्माण सेवा	१६३४००
१९२।२०८१।१२।२५	घाट च्यानडाँडा उत्तेसेनी मोटरबाटो उपभोक्ता समिति	१८७६९४.७१	वि. मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	१८७७०३.८८
१७९।२०८१।१२।२७	धरमपानी देखि चौरासी फूलवारी जोड्ने मोटरबाटो उपभोक्ता समिति	२१८३८६.६३	जानका सित्तल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	२१८६०८
२२१।२०८२।१।२८	वडा स्तरीय मोटरबाटो मर्मत संरक्षण उपभोक्ता समिति	५३४७६८	जय मालारानी कन्स्ट्रक्सन	५३४७६८
२९२।२०८२।३।१७	पोख्रेचौर खर्क मोटरबाटो स्तरोन्नती उपभोक्ता समिति	२१३४७३.८३	वि. मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२१३४८४
३००।२०८२।३।१८	खाला लाम्चेडाँडा बेलाखोला मोटरबाटो उपभोक्ता समिति	२०९२००.४३	वि. मल्ल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	२०९२०९
जम्मा		**३६,००,२४५.९८**		**३६,००,५२४.०१**

३७ **हेभी इक्विपमेण्टको प्रयोग -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने

उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गो भौ र मिति	उपभोक्ता समितिको नाम	सम्झौता रकम	भुक्तानी रकम	निर्माण व्यवसायी	हेभी उपकरणमा भएको खर्च
२०।०८१।८।२०	मसुरेखर्क बर्बोट डिङ्गापोखरी चौरासी सडक मर्मत उपभोक्ता समिति	१११२८२.७८	९८०४०	निशा एण्ड सुमन कन्स्ट्रक्सन प्रालि	९५४७८
२४।०८१।८।२०	काब्राबोट पिठादी अरौदी खेतमूनी सडक उपभोक्ता समिति	२७९२०३.८५	२४७८३६	बी मल्ल कन्स्ट्रक्सन एण्ड सप्लार्यस	१००८४९.३९
३१।०८१।८।२७	ओखलढुङ्गा मैदान ठूल्दी बर्बोट सडक उपभोक्ता समिति	१११३६७.९७	९५६६३	बी मल्ल कन्स्ट्रक्सन एण्ड सप्लार्यस	९६८९८.२३
७०।०८१।१०।६	रोदी पिपलटारी टार मोटरबाटो उपभोक्ता समिति	१११६३५.२३	९८८५७	रकेट बिल्डर्स	१०२४०६.२३
८३।०८१।१०।१०	वडा स्तरीय मोटरबाटो मर्मत सम्भार उपभोक्ता समिति	५४०२४०.२७	४७५३४२	सुपर देविस्थान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	४८४५१३.६१
९४।०८१।१०।१३	खवरटो चिलिखोला मोटरबाटो योजना उपभोक्ता समिति	१११५०८.८	९७८८५	निशा एण्ड सुमन कन्स्ट्रक्सन प्रालि	९८८७१.३७
९३।०८१।१०।१३	रिप दलिद कूलो मन्दिर माझिया खर्क मोटरबाटो उपभोक्ता समिति	१११६२०.९३	९७३७२	अनमोल निर्माण सेवा	९७३४०.७
११६।०८१।११।४	मसुरेखर्क वाग्ला थाप्चे सडक मर्मत उपभोक्ता समिति	११००००	९८२२७	जानका सित्तल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	९७९९३.७४
११८।०८१।११।११	रुम्सिला आँपटारी मोटरबाटो उपभोक्ता समिति	११०२७४.६	९८४९९	सुपर देविस्थान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	१००७४७
१२३।०८१।११।१२	मोहनका चौपारी खन्ज्याङ्ग सिम्ला मोटरबाटो उपभोक्ता समिति	१११३८५.८२	९८५२०	निशा एण्ड सुमन कन्स्ट्रक्सन प्रालि	१०२४०८
१२८।०८१।११।१२	घरथापे खानेपानी टंकी तथा मोटरबाटो उपभोक्ता समिति	१११६०९.३	९५४५३	निशा एण्ड सुमन कन्स्ट्रक्सन प्रालि	१००१६८
१३१।०८१।११।१३	चिच्यान दाद्र ठूलाचौरी अरौदी मोटरबाटो उपभोक्ता समिति	२७८४१४.२१	२४४१५२	बी मल्ल कन्स्ट्रक्सन एण्ड सप्लार्यस	१४२४३१.०६
१५६।०८१।११।२७	चिसाखोला दुम्का देखि भुसालका टोल जोड्ने मोटरबाटो उपभोक्ता समिति	१३९०७८.२४	११८८३७	सुपर देविस्थान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	१२५५२४.५३
१८६।०८१।१२।२५	रातामाटा भेकुन्डाँडा सोताचौर धारापानी तिलर पँधेराचौर जाउनेपाटा मोटरबाटो उपभोक्ता समिति	३३५२५१.३५	२९४८०१	सुपर देविस्थान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	३००१८४.५
१८७।	डाँडाका चौपारी देखि किसानटारी जोड्ने मोटरबाटो	३३२१५०.३१	२९७५५७	सरोज मिलन निर्माण	१५७१०९.४३

०८१।१२। २५	उपभोक्ता समिति			सेवा एण्ड सप्लायर्स	
१८६। ०८१।१२। ३१	गैराटोल अडिरे मोटरबाटो निर्माण उपभोक्ता समिति	२७८५४९.०९	२४०२८७	अनमोल निर्माण सेवा	१४८५२३.६९
२३२। ०८२।२।६	दोद्र चिउरी साराखेत कृषि सडक उपभोक्ता समिति	२७८२९८.५	२४६२२२	सुपर देविस्थान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	२७४०९३.१५
२४९। ०८२।२। २६	रौताडी चिलिखोला गोपे सडक उपभोक्ता समिति	३३३८०६.५९	२९७२६०	सुपर देविस्थान कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रालि	२९५६४२.१८
२८०। ०८२।३। ११	वडाभित्रका सडक स्तरोन्नती उपभोक्ता समिति	७८०८६१.२९	६८९८८५	जानका सित्तल कन्स्ट्रक्सन एण्ड सप्लायर्स	४१४३९१.५
जम्मा		**४५,७६,५३९.**	**४०,३०,६९५**		**३३,३५,५७४**

३८ **जनश्रमदान -**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२३** को निर्णयले रू **११,५३७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३९ **कार्यसम्पादन जमानतको म्याद थप –**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **९१७,८७०.८८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१,४१५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४० **शैक्षिक गुणस्तर -**

राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तर युक्त वनाउन स्थनीय तहवाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन तयार गरेको छैन।तसर्थ गाँउपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गर्नुपर्दछ ।

४१ **त्रैमासिक निकासा –**

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **८४,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४२ **शिक्षण सिकाइ अनुदान** –

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४५१,४९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४३ **कक्षा ८ परिक्षा** –

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-२४** को निर्णयले रू **११०,३०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४४ **लाभाग्राहिले पाउने औषधि उपचार वापत खर्च** -

नेपाल सरकारवाट उपलब्ध गराईदै आएको ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, दलित भत्ता, पिछडीएको भत्ता, अपांग भत्ता लगायत नेपाल सरकारबाट साविकमा पाई आएको सामाजिक सुरक्षा भत्ता वा यस निर्देशिका वमोजिम उपलब्ध गराईने मध्ये कुनै एक किसिमको भत्ता/मासिक वृत्ति मात्र प्राप्त गर्न सक्ने व्यवस्था गरेको र निर्देशिका वमोजिम मासिक दोहोरो हुने गरी उपलब्ध गराउन नहुने व्यवस्था रहेको छ । पालिकाले यो वर्ष औषधि उपचार वापत मासिक पाँच हजार रुपियाँका दरले त्रैमासिक रूपमा रु.११,१७,५००।० वितरण गरेको छ। औषधि उपचार वापत रकम उपलब्ध गराउँदा उपरोक्त अनुसार दोहोरो नहुने गरी वितरणको व्यवस्था गर्नुपर्दछ ।

४५ **आधारभुत स्वास्थ्य केन्द्र** –

स्थानीय तहवाट संचालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मर्गदर्शन २०८१।८२ मा आधारभुत स्वास्थ्य केन्द्र संरचना सम्वन्धमा उल्लेख गरेको देखिदैन। पालिकाले स्थानिय तह स्वास्थ्य शाखा स्वास्थ्य चौकी प्राथमिक स्वास्थ्य केन्द्रका स्थायी कर्मचारीको तलव भत्ता शिर्षकवाट करारमा नियुक्त आधारभुत स्वास्थ्य केन्द्रका अहेव १ जनाको रु.२८ हजार का दरले १२ महिनाको रु.३ लाख ३६ हजार अनमि १ जना रु.२२ हजारका दरले रु.२ लाख ६४ हजारल र १ जना कार्यालय सहयोगीको रु.११ हजार ५०० का दरले १२ महिनाको रु.१ लाख ३८ हजार गरी ३ जना स्वास्थ्यकर्मीको तलव भत्ता रकम रु.७ लाख ३८ हजार भुक्तानी गरेकोल छ ।स्वास्थ्य तर्फको सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरु संचालन सम्वन्धी मर्गदर्शन अनुसार रकम खर्च गर्नुपर्दछ ।

४६ **पाइपलाईन खन्ने पुर्ने कार्य** -

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१२-३०** को निर्णयले रू **१७९,५२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४७ **अनुत्पादक खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । यस्ता प्रकारका कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित पारदर्शी तवरले गरिनुपर्दछ साथै अनुत्पादक खर्चलाई नियन्त्रण गर्नुपदर्छ। केही उदाहरण देहाय अनुसार रहेका छन्:

क्रम संख्या	भौ. नं. । मिति	विवरण	खर्च रकम
१	३२७।८२।०२।२३	शहिद खिम विक्रम स्मृति भवन	४,९६,८०८।
२	३८८।८२।०३।१७	वी. पि. स्मृति भवन निर्माण	५,००,०००।
३	१३२ ।८२।११।१३	वोम ब. टोमलाल स्मृति भवन	९,९९,३४२।
४	१४७।८२।३।२४	रुद्रमति भण्डारी स्मृति पार्क	३,९८,७३७।
५	२४०।८२।२।२३	वोम स्मृति भवन निर्माण	४,९८,००९।
६	३२२।८२।३।२२	मदन आश्रित भवन निर्माण	४,९६,५९०।
७	२५२।८२।२।२६	शहिद कृष्ण कुवर स्मृति भवन	४,८०,५७५।
८	३१९।८२।३।२२	शहिद जेजुराम स्मृति भवन निर्माण	४,९७,४३६।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : धुर्कोट गाउँपालिका, गुल्मी , धुर्कोट गाउँपालिका , गुल्मी

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	रुद्र बहादुर पछाई	२०८२-०८-०१	हाल सम्म कार्यरत
लेखा प्रमुख	टेकराज गिरी	२०८२-०५-३१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२१,७३७	०	४,२४५,९४९.५९	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४,२६७,६८६.५९
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					४,२६७,६८६.५९
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					०

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३७२९९१८७	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३९९९०३४६१	चालु खर्च	३४०९१८०२९
प्रदेश सरकारबाट अनुदान	१९७४०७६३	पूँजीगत खर्च	१४३८४४१३९
राजश्व बाँडफाँट	८३६२२१४०	वित्तीय/अन्य व्यवस्था	२०९२६४७०७
आन्तरिक आय	७९९२५०३.०		
अन्य आय	१८१४६५२८६		
कुल आय	६९२७२४१५३.०	कुल खर्च	६९४०२६८७५
बाँकी मौज्दात		३५९९६४६५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

वित्तीय प्रतिवेदनम.ले.प.फा.नं. २७० अनुसुची १ मा समावेस रहेको छ।

आ.व. : २०८१/८२ अवधी : २०८१/०४/०१ - २०८२/०३/३२ प्रदेश : लुम्बिनी प्रदेश जिल्ला : गुल्मी स्थानीय तह : धुर्कोट गाउँपालिका, गुल्मी								
प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		८,५१,१९,११८.२४	०	८,५१,१९,११८.२४	९,६०,९५,६३१.९८	०	९,६०,९५,६३१.९८
१३०००	अनुदान		३९,०२,४६,८२१.४९	०	३९,०२,४६,८२१.४९	३९,०५,१३,२२६.००	०	३९,०५,१३,२२६.००
१४०००	अन्य राजस्व		८५,६६,८०७.३०	०	८५,६६,८०७.३०	९१,६१,१६२.४३	०	९१,६१,१६२.४३
१५०००	विविध प्राप्ति		१,५९,७३५.००	०	१,५९,७३५.००	६,५२,१५०.००	०	६,५२,१५०.००
क	कुल जम्मा प्राप्ति		४८,४०,९२,४८२.०३		४८,४०,९२,४८२.०३	४९,६४,२२,१७०.४१		४९,६४,२२,१७०.४१
३	चालु		३४,१२,३०,१६९.९०	०	३४,१२,३०,१६९.९०	३४,६४,८३,०१६.६१	०	३४,६४,८३,०१६.६१
२१०००	पारिश्रमिक / सुविधा		६,४०,०३,९५५.१४	०	६,४०,०३,९५५.१४	५,८२,२२,३३३.००	०	५,८२,२२,३३३.००
२२०००	मालसामान तथा सेवाको उपयोग		७,९८,९३,४२२.७६	०	७,९८,९३,४२२.७६	८,७०,६०,४७८.९०	०	८,७०,६०,४७८.९०
२५०००	सहायता (Subsidy)		१८,५७,४६,०८९.००	०	१८,५७,४६,०८९.००	१८,३१,१४,४५३.००	०	१८,३१,१४,४५३.००
२७०००	सामाजिक सुरक्षा		१,१३,८१,४०३.००	०	१,१३,८१,४०३.००	९३,५२,६२६.००	०	९३,५२,६२६.००
२८०००	अन्य खर्च		२,०५,३००.००	०	२,०५,३००.००	८७,३३,१२५.७१	०	८७,३३,१२५.७१
४	पूंजीगत		१४,३८,४४,१३९.१३	०	१४,३८,४४,१३९.१३	१५,६८,३६,२७६.००	०	१५,६८,३६,२७६.००
३१११०	भवन तथा संरचना		१,२५,२५,४४०.००	०	१,२५,२५,४४०.००	३८,७०,१०८.००	०	३८,७०,१०८.००
३११२०	सवारी साधन,		२६,७८,६६०.००	०	२६,७८,६६०.००	१,११,४२,४३४.००	०	१,११,४२,४३४.००

	मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स							
३११४०	सुरक्षा उपकरण		०	०	०	१७,८९,१३०.००	०	१७,८९,१३०.००
३११५०	सार्वजनिक निर्माण		१२,८६,४०,०३९.१३	०	१२,८६,४०,०३९.१३	१४,००,३४,६०४.००	०	१४,००,३४,६०४.००
ख)	कुल जम्मा भुक्तानी		४८,५०,७४,३०९.०३		४८,५०,७४,३०९.०३	५०,३३,१९,२९२.६१		५०,३३,१९,२९२.६१
ग)	बचत /कमी (ग = क-ख)		(९,८१,८२७.००)		(९,८१,८२७.००)	(६८,९७,१२२.२०)		(६८,९७,१२२.२०)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)		८,५५,८५४.०९		८,५५,८५४.०९	१,६८,९७,३०५.००		१,६८,९७,३०५.००
घ.१)	कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी		२,२३८.००		२,२३८.००	-५,०००.००		-५,०००.००
ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)		(१,२५,९७२.९१)		(१,२५,९७२.९१)	१,००,००,१८२.८०		१,००,००,१८२.८०
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात		३,४६,२५,१७६.२२		३,४६,२५,१७६.२२	२,४६,१९,९९३.४२		२,४६,१९,९९३.४२
छ)	विनिमय नाफा/घाटा							

	तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)		३,४४,९९,२०३.३१		३,४४,९९,२०३.३१	३,४६,२०,१७६.२२		३,४६,२०,१७६.२२

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुनतथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाटप्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचानगरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमायोग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठनतथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पददर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्था समेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथाउत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यूनआय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चितगर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ।यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितताहुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।
- एउटै प्रकृतिको काममा समेत लागतअनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमाठेक्काको काम सम्पन्न गर्नुपर्दछ।म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी रजवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्ररही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ।त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।

- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक रअन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्नसकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरीखर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोगहुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्थागरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययि, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्योट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्योटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्योट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवंम्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्योट नगरुञ्जेल वृत्ति विकासमा रोक्कागर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने रजानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा२९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाहतय गरिनुपर्दछ।
- सेवाग्राही समेतको योगदानमा आधारितरही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- सामाजिक सुरक्षा तर्फ सम्बन्धित लाभग्राहीहरुले समयमै भत्ता प्राप्त गरेको सुनिश्चित हुनुका साथै दोहोरो परेका तथा लगत कट्टा गर्नुपर्ने लाभग्राहीको पहिचान गरी विवरण अध्यावधिक गर्नुपर्दछ।